म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७४ सोमबार १९ माघ २०८० ने. सं. ११४४ पोहेलागा 2 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

छैठौं वर्षमा बागमती प्रदेशसभा

# वार्षिकोत्सवमै ८० सांसद अनुपस्थित, कछुवा गतिमा कानुन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशसभाको बिहीवार छैठौं वार्षिकोत्सव मनाइएको छ । वार्षिकोत्सवक समारोहका प्रमुख अतिथि प्रदेशप्रमुख यादवचन्द्र शर्मा र सभाध्यक्ष सभामुख भुवनकुमार पाठक थिए ।

तर, प्रदेशसभा स्थापना भएको छैठौं वर्ष लागेको अवसरमा उत्सव मनाइरहँदा करिब ७५ प्रतिशत प्रदेश सांसद भने अनुपस्थित रहे । बागमतीका १२ जना मन्त्रीमध्ये आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ र वन तथा वातावरण मन्त्री मसिना खड्का अनुपस्थित रहे । मन्त्री र सांसद गरेर ३० जना मात्रै प्रदेशसभाको उत्सवमा सहभागी भएका छन् । ११० सदस्यीय प्रदेशसभा सचिवालयको परिसरमा आयोजना गरिएको वार्षिकोत्सव समारोहमा सांसदहरुका लागि राखिएको कुर्सी खाली थिए ।

कार्यक्रमस्थल धेरै कर्मचारी, मर्यादापालक, मन्त्री र सांसदका स्वकीय, सञ्चारकर्मी तथा सुरक्षाकर्मीले मात्रै भरिएको थियो । कार्यक्रममा सहभागी प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले ठट्यौली शैलीमा भने, 'म त आएको छु है । उहाँहरु चिसो मौसम भएकाले नआउनु भएको हुनसक्छ ।', वार्षिकोत्सवमा जगन्नाथ थपलिया, मधुसुदन पौडेल, इन्द्रप्रसाद गोतामे, ईश्वर सापकोटा, एकालाल श्रेष्ठ, कञ्चनचन्द्र वादे, हरिप्रसाद सापकोट, कृष्णप्रसाद सिलवाल, गीता गुरुङ, देवेन्द्र श्रेष्ठ, रमा आलेमगर, रामप्रसाद ढुंगाना, रुकु चौलागाईं, लक्ष्मीदेवि श्रेष्ठ, बिमल ठकुरी, माइली तामाङ, मातृकाप्रसाद भट्टराई, मायाकुमारी




कार्की, माया श्रेष्ठ सहभागी थिए ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामासहित १० जना मात्रै मन्त्रीहरु सहभागी रहेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । उपसभामुख अप्सरा चापागाईंले सबै सांसदलाई खबर गरिएको तर, धेरै सांसदहरु नआएको विषय नोटिसमा भएको बताइन् । 'धेरै माननीयहरु आउनु भएको छैन, नोटिस गरिएको छ । उहाँहरु वार्षिकोत्सव जस्तो महत्वपूर्ण कार्यक्रममा आउनुपर्थ्यो । कतिपयले कार्यक्रममा भएकाले आउन नपाएको पनि बताउनुभएको छ ।', चापागाईंले भनिन् ।

**कछुवा गतिमा कानुन निर्माण**

बागमती प्रदेशसभाबाट दोस्रो कार्यकालको पहिलो वर्षमा कानुन निर्माण कछुवा गतिमा भएको छ । सत्तापक्ष र विपक्षी दलबीच सुरुवातदेखि नै विवाद बढ्दा आवश्यक कानुन निर्माण हुन सकेनन् ।

प्रदेशसभाको पहिलो वर्ष कानुन निर्माणका हिसाबले कमजोर देखिएको हो । प्रदेशका एकल र साझा अधिकारका अझै तीन दर्जनभन्दा बढी कानुन निर्माण गर्न बाँकी रहे पनि प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो वर्ष पूरा हुँदा प्रदेश सभाबाट मूल विधेयक चारबटा मात्र पारित भएर ऐन बनेका छन् । विगतका अधिवेशनभन्दा दोस्रो कार्यकालका दुवै अधिवेशन कानुन निर्माणका दृष्ट्रिले कमजोर देखिए । दोस्रो कार्यकालको पहिलो अधिवेशन अवधिमा प्रदेश सभाबाट चार वटा विधेयक पारित भएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेशसभाबाट स्थानीयसेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९, प्रदेश निजामती सेवा अध्यादेश २०७९ लाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक र प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा बनेको विधेयक पारित भएका थिए । यसैगरी दोस्रो अधिवेशनबाट एउटा मूल विधेयक पारित भएको थियो । बजेट अधिवेशनको रुपमा रहेको वर्षे अधिवेशनबाट दुईवटा सालबसाली विधेयक, एउटा संशोधन विधेयक र एउटा मूल विधेयक पारित भएको हो ।

सालबसाली विधेयक आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धसा बनेको विधेयक र प्रदेश सरकारको अर्थसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेशसभाबाट पारित भएर गत असार ३१ गते प्रदेशप्रमुखबाट प्रमाणीकरण भएको थियो । यस्तै प्रदेशसभाबाट प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र मूल विधेयक प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको थियो । प्रदेशसभाबाट पारित भएका दुवै विधेयक प्रदेशप्रमुखबाट प्रमाणीकरण भइसकेका छन् ।

सभामा आएकामध्ये विषयगत समितिमा दफावार छलफलका लागि पठाएका तीनवटा विधेयक गएको छ र एउटा विधेयक प्रदेशसभा सचिवालयमा दर्ता भएको छ । सरकारले पहिलो र दोस्रो अधिवेशनमा १२ वटा विधेयक तथा ५ वटा अध्यादेश प्रदेशसभामा ल्याएको थियो । जसमध्ये ८ वटा विधेयक पारित भएको हो । उपसभामुख अप्सरा चापागाईंले प्रदेशसभाको ६ वर्षमा कुल ७० वटा कानुन निर्माण भएको जानकारी दिइन् । उनकाअनुसार २०७४ मा कानुन निर्माणका लागि गठित सुझाव समितिले तत्काल ८२ वटा कानुन बनाउनुपर्ने सुझाव दिएकोमा ७५ वटा विधेयक सभामा दर्ता भएर ७० वटा कानुन बनेको बताइन् । जसमध्ये ४३ वटा मूल कानुन बनेको उनले जनाइन् ।

# निर्माण व्यवसायीलाई व्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ नेपाल निर्माण व्यवसायी महासंघको आयोजनामा हेटौंडामा निर्माण व्यवसायीका लागि दुई दिने तालिम आयोजना गरिएको छ ।

निर्माण व्यवसायी संघ मकवानपुरको संयोजनमा बिहीबार बाट सुरुभएको तालिममा निर्माण सम्बन्धी व्यवस्थापनका बारेममा प्रशिक्षण दिइने भएको छ । तालिमको शुभारम्भमा निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेलले निर्माण व्यवस्थापनसम्बन्धी अनुभवको अभावमा निर्माण व्यवसायमा विभिन्न समस्या सामना गर्नुपर्ने अवस्था आउने गरेको बताउँदै निर्माण व्यवसायीमा व्यवस्थापन सम्बन्धी ज्ञान आवश्यक भएको बताए ।

अध्यक्ष कंडेलले कुनैपनि योजना निर्माणका विभिन्न चरणमा व्यवस्थापकीय पक्ष महत्वपूर्ण हुने भएकोले तालिमको आयोजना गरिएको भन्दै निर्माण व्यवसायीलाई आफूले लिएको काम समयमा गुणस्तरीय रुपमा सम्पन्न गर्न आग्रह गरे । तालिममा बीमा, निर्माणको कामको प्रगति, भुक्तानीलगायतका निर्माण व्यवस्थापनका बारेमा ईन्जिनियर घनश्याम गौतमले प्रशिक्षण दिएका छन् ।

तालिममा मकवानपुरका करिब ६० जना निर्माण व्यवसायीको सहभागिता रहेको निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाईले जानकारी दिए । पछिल्लो समयमा सरकारी निकायका बोलपत्र प्रकाशन गर्दा ईबिडिङको बिधि प्रयोग हुन थालेपछि निर्माण व्यवसायी पनि प्रबिधिमैत्री बन्दै गएका छन् ।

# डिआइजी केसीको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ सामुदायिक सेवाकेन्द्र मकवानपुर तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा पशुपतिनगरको आयोजनामा बागमती प्रदेश प्रहरीप्रमुख विष्णुकुमार केसीको स्वागत गरिएको छ ।

केन्द्रका अध्यक्ष तथा सामुदाय प्रहरी साझेदारीका जिल्ला सदस्य राम बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश प्रहरीप्रमुख प्रहरी नायबमहानिरीक्षक केसीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि केसीले शान्तिसुरक्षालगायत समाज परिवर्तनमा प्रहरी मात्रको एकल प्रयासले सम्भव नहुने भएकोले नागरिकको सहभागिता अपरिहार्य भएको बताए । उनले सामुदायिक सेवाकेन्द्र मकवानपुरको भूमिकाप्रति खुशी व्यक्त गरेका छन् ।

अध्यक्ष बिष्टले केन्द्रले गरेका गतिविधि र आगामी चुनौतीका विषयमा चर्चा गरेका थिए । कार्यक्रममा समुदाय प्रहरी साझेदारीका जिल्ला सहसंयोजक एवम् जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी १४ नम्बर गणका प्रनाउ सुबास केसी, जिसस मकवानपुर पूर्वप्रमुख तथा मानार्थ सदस्य रघुनाथ खुलाल, सीताराम बर्तौला, प्रकाश पौडेल, जिल्ला ट्राफिक कार्यालयका प्रतिनिधि, ईलाका प्रहरी कार्यालय पशुपतिनगरका प्रतिनिधि लगायतको उपस्थिति थियो ।

**घर तथा फ्याट भाडामा**

३० धुर जग्गा रहेको ५ कोठा भएको र चार पाँच वटा गाडी पार्किङ्ग गर्न मिल्ने सुविधा सम्पन्न भएको घर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

सम्पर्कका लागी

सम्पर्क नं. ९८६०६७६०५१, ९८६५०३२००६
हेटौंडा-१, स्वर्गलोकपथ, सहकारी अस्पतालको पछाडी

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






साझाकुरा

## हाम्रो कुरा

# कपडा उद्योगमा अलमल

लामो समयदेखि बन्द भएको हेटौंडा कपडा उद्योग संचालन गर्ने भनेर धेरै पटक प्रयास गरियो । पटकपटक बिज्ञले यथास्थितिमा कपडा उद्योग संचालन हुन नसक्ने प्रतिबेदन पनि बुझाएका छन् । हालसम्म भएका सबै अध्ययन प्रतिबेदन दराजमा थन्किएका छन् । ०४६ को राजनीति परिवर्तनपछि कपडा उद्योगमा चरम राजनीति भयो । मजदुरले सके मजदुरले, प्रशासनले सके प्रशासनले, मन्त्रालयका उच्चपदस्थले सके उनीहरुले कपडा उद्योगमा राजनीति गर्ने र कमिशनमा डुबेपछि बन्द भयो । उद्योगमा प्रयोग हुने कच्चापदार्थ कपास बीचबाटोबाटै गायव हुन्थ्यो तर, बिल भुक्तानीका लागि उद्योगको लेखामा आइपुग्थ्यो । त्यही हालत अहिले हेटौंडा सिमेन्ट उद्योगले ब्यहोर्दै छ । सिमेन्ट उद्योगमा कोइला आउँदैन तर, भुक्तानीका लागि बील मात्र आउँछ । यो पाराले हेटौंडा सिमेन्ट उद्योग पनि कपडा उद्योगकै बाटोमा जाँदैछ । यतिबेला प्रधानमन्त्री पुष्पकमल दाहालले बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालनका लागि नेपाली सेनासँग छलफल गरेका छन् ।

बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा उच्चस्तरीय छलफलको आयोजना गरी प्रधानमन्त्री दाहालले कपडा उद्योग पुनः सञ्चालनका लागि नेपाली सेनाले गरेको सम्भाव्यता अध्ययनको बिफ्रिङ लिएका हुन् । नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विगतमा सञ्चालन भएर वर्तमानमा बन्द अवस्थामा रहेका उद्योगहरु पुनः सञ्चालन गर्ने व्यवस्था गरिए बमोजिम नेपाली सेनाले उद्योग पुनः सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो । वि.सं. २०३२ सालमा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना भएको हेटौंडा कपडा उद्योग वि.सं. २०५६ सालदेखि उत्पादन बन्द भएपछि २०५९ सालमा तात्कालीन शाही सरकारले उद्योग बन्द गर्ने निर्णय गरेको थियो । सरकारले उद्योग पुनः सञ्चालनको विषय नीति तथा कार्यक्रममा समावेश गरेपश्चात नेपाली सेनाले यसको सम्भावना अध्ययन गरेको हो । प्रतिवेदनको सारसंक्षेप नेपाली सेनाले बुधबार प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको छ । अध्ययन प्रतिवेदनमा बजार व्यवस्थापन हुन नसक्नु, प्रविधिको समयसापेक्ष आधुनिकीकरण हुन नसक्नु, लोडसेडिङको अवस्था हुनु, आवश्यकताभन्दा धेरै जनशक्ति हुँदा आर्थिक भारपर्नु र व्यवस्थापकीय क्षमतामा कमिहुनु आदि कारणले विगतमा उद्योग बन्द हुन पुगेको निष्कर्ष निकालेको छ । प्रतिवेदनमा उद्योगका विद्यमान केही संरचना र मेसिनहरु मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको, उद्योग सञ्चालनका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषको बजेट पर्याप्त रहेको, उद्योगको स्वामित्वमा १६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको, उद्योग सञ्चालनका लागि अधिकांश कच्चापदार्थ देशभित्रै उपलब्ध रहेको तथा नेपाली सेना, प्रहरी, सरकारी कर्मचारी, विद्यार्थीका लागि पोशाकको माग उद्योगले परिपूर्ति गर्न सक्ने भएकाले बजारका लागि कुनै समस्या नभएको उल्लेख छ ।

प्रतिवेदनले उद्योग पुनः सञ्चालनको आवश्यकता र औचित्यसमेत निक्र्यौल गरेको छ । जसअनुसार उद्योग पुनः सञ्चालन गर्दा विगतको औद्योगिक शाख कायम हुने, मुलुकको औद्योगिक क्षेत्रको विकास र कुल ग्राहस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने, विश्वबजारमा औद्योगिक सन्देश जाने, आयत प्रतिस्थापन र आत्मर्निभरतामा अभिवृद्धि हुने, रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुने भएकाले युवा पलायन रोक्न सकिने निष्कर्ष छ । अध्ययन कार्यदलले उद्योग पुनः सञ्चालनको मोडालिटीसमेत प्रस्ताव गरेको छ । तीनवर्षे कार्यतालिकासहितको प्रस्तावित मोडालिटीमा अनुमानित २६ लाख मिटर कपडा उत्पादनका लागि आर्थिक वर्ष २०८०/८१ मा नीतिगत निर्णय गरी नेपाली सेनालाई उद्योगको हस्तान्तरण, डिपिआर निर्माण, नयाँ मेसिनरी सामानको छनोट र खरिदको काम सम्पन्न गर्ने उल्लेख छ । त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम सम्पन्न गरी परीक्षण गर्ने प्रस्तावित मोडालिटीमा उल्लेख छ । त्यस्तै आ.व. २०८२/८३ मा मेसिनहरु थप गर्ने, उद्योगको क्षमता बिस्तार गर्ने, बुटवल धागो कारखाना सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चापदार्थको व्यवस्था र नियमित उत्पादन सुरु गर्ने प्रस्ताव गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २० गते शनिबार ३ फेब्रुअरी २०२४ । अष्टमी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:४४ । गोरखकाली पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रयत्न सफल हुनेछ | तुला | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| वृष | : पढाइलेखाइमा प्रगति हुनेछ | वृश्चिक | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| मिथुन | : सेवामूलक कामबाट धनलाभ हुनेछ | धनु | : नयाँ काममा सफलता मिल्नेछ |
| कर्कट | : स्वास्थ्य कमजोर रहनेछ | मकर | : स्थायी सम्पत्ति जोड्ने समय छ |
| सिंह | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ | कुम्भ | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| कन्या | : सहयोगीका माध्यमबाट काम बन्नेछ | मीन | : प्रेमको बन्धन कसिन सक्नेछ |

# मतदाताले दल फेर्न थाले ? लोकतन्त्रलाई राम्रो



✍ प्रा. कृष्ण खनाल

राजनीतिमा पार्टी संगठन र नेतृत्वको सवाल अलि विचित्र हुन्छ । भनिएका सबै आदर्श व्यवहारमा लागू हुँदैनन् । नेतृत्वले अलिकति पनि जानेन भने त्यो व्यक्तिप्रतिको निष्ठामा रूपान्तरण हुन्छ । नेताले आफूलाई निर्विकल्प र अपरिहार्य ठान्नु अहिलेको ठूलो समस्या हो । म अकाट्य हुँ र बाँकी सबै मपछिका हुन् भन्ने दृष्टिकोण मूल नेतृत्वमा देखिन्छ । यसका कारण नेतृत्वले आफूलाई सुपरहिरो बनायो । त्यसैले बाँकीले नेतृत्वसँग फरक मत राख्न सकेन । फरक मत राख्नासाथ मारमा परेर पाखा लागिन्छ भन्ने भय सञ्चार भयो ।

यो नयाँ पार्टीमा मात्रै होइन, पुराना पार्टीका नेता कार्यकर्ताहरू पनि धेरै पहिलादेखि आश र त्रासमा बाँचिरहेका छन् । एकातिर, पार्टी सरकारमा जान्छ र केही ठाउँ पाउँछु भन्ने आशा पनि छ । केही चित्त बुझेको छैन तर बोलौं भने फेरि झापड खाइन्छ, पार्टीबाट फ्याँकिन्छ भन्ने त्रास पनि छ । अर्को समस्या, हाम्रा पार्टीहरू लोकतन्त्रीकरण भएका छैनन् । त्यहाँ प्रतिस्पर्धा नै छैन । दलका सबैजसो नेता संस्थापक छन् । गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई छउन्जेलसम्म नेपाली कांग्रेसमा पनि संस्थापक पुस्ता नै थियो । अब त्यहाँ पुस्तान्तरण भयो र संस्थापक पुस्ता छैन । यद्यपि तिनीहरु नै संस्थापकभन्दा ठूलो हैसियत दाबी गरिरहेका छन् ।

हिजो संघर्षको एउटा लामो इतिहास भयो । लामो समय संघर्षको क्रममा त्यहाँ प्रतिस्पर्धा थिएन । नेतृत्वको गुण र हैसियत संघर्षले नै निर्धारण गर्ने अवस्था थियो । तर अहिले हामी प्रतिस्पर्धाको राजनीतिमा प्रवेश गरेको धेरै भइसक्यो । कांग्रेस यसमा २०१५ साल आसपासबाट प्रवेश गरे पनि मूलतः २०४६ सालदेखि प्रतिस्पर्धा फस्टायो । २०६५ सालदेखि यता माओवादी लगायत धेरै पार्टीहरू प्रतिस्पर्धामा छन् । तर पार्टीभित्रको आन्तरिक राजनीतिमा प्रतिस्पर्धा छैन । संस्थापक नै प्रमुख नेता रहेका नयाँ पार्टीमा पनि त्यही भयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा रवि लामिछाने संस्थापक मानिए । त्यसैले उनीसँग अलिकति फरक मत राख्न सक्ने हैसियत अरुको निर्माण भएन । जनमत पार्टीमा पनि व्यक्तित्व र अध्यक्ष नै संस्थापक भएकोले डा. सीके राउतसँग असहमति राख्ने ठाउँ कति होला ?

नयाँ दलले त परीक्षण नै गऱ्यो । निर्वाचित प्रतिनिधिहरूको अडिट नै गरे । अडिटमा पास नहुनेलाई 'रिकल' गर्ने व्यवस्था समेत राखे । भर्खर बनेको नयाँ पार्टीमा अहिले नजाऔं । कम्तीमा अर्को चरणको चुनावसम्म पुग्दा पार्टीभित्रको आन्तरिक चुनावमा कति प्रतिस्पर्धा हुन्छ, त्यो हेर्न बाँकी छ । तर कांग्रेस, एमाले, माओवादी त पटक-पटक प्रतिस्पर्धामा आइसकेका छन् । मलाई लाग्छ, उनीहरूभित्र प्रतिस्पर्धा छँदैछैन ।

अघिल्लो संसद्मा तत्कालीन नेकपा ठूलो बहुमतसहित थियो । सानो हैसियतमा रहेको कांग्रेसका सभापति शेरबहादुर देउवा विपक्षी दलको नेता थिए । त्योभन्दा ठिक अगाडि उनी प्रधानमन्त्री थिए । विपक्षी दलको नेताले तत्कालीन सरकारलाई औंला ठड्याएर भन्ने नैतिक आधार बन्छ होला र ?

त्यही भएर तत्कालीन प्रधानमन्त्री केपी ओली बारम्बार भन्ने गर्थे, 'म बोलौं, कसैको बारेमा केही बोलौं ।' उनले तिम्रा पालामा के के गडबड भएको छ देखाऊँ भनेर विपक्षी दललाई संकेत गरेका हुन् । त्यसैले हरेक चुनावपछि नेतृत्व परिवर्तन हुनुपर्छ । तब मात्र नयाँ नेतृत्वसँग नैतिक आधार बन्छ । जस्तो, केपी ओलीले जतिसुकै भने पनि कसले पत्याउने ? नैतिक आधार छ र उनीसँग ? गडबडी र बदमासी हिजोको उनले नेतृत्व गरेको सरकारमा भएको थिएन र ? निर्वाचनमा यत्रो हारको जिम्मेवार त्यो पार्टीमा अध्यक्षले लिनुपर्दैन ? त्यसको ठाउँमा अर्को नेतृत्व आएको भए, उसले अहिलेको नेतृत्वलाई औंला उठाएर भन्न सक्थ्यो कि 'खबरदार ! तपाईं हिजोको मात्रै कुरा नगर्नुहोस् । मसँग कुरा गर्नुहोस् । अहिले नेतृत्वमा म छु ।' यसो भन्ने नैतिक आधार नयाँ नेतृत्वसँग हुन्छ । नेतृत्व केही मानिसमा सीमित हुँदा मान्छेको आस्था हराउन थाल्यो । नैतिक आधारमा कुरा गर्न सक्ने हैसियत पनि भएन ।

**कमजोर दोस्रो पुस्ता**

पार्टीभित्र प्रतिस्पर्धा नै छैन । मलाई आश्चर्य लाग्यो, एउटा अनौपचारिक छलफलमा एकजना कांग्रेसकै सांसदले मलाई सोधे, 'होइन, कांग्रेसको संसदीय दलको चुनावमा किन गगनले हारे, किन शेरबहादुरले जिते ? त्यत्रो ठूलो पपुलर भोट ल्याएर महामन्त्रीमा जितेको मान्छेले किन संसदीय दलको चुनावमा हारेको होला ?'

मैले प्रतिप्रश्न गरें, 'तपाईं सांसद, मलाई किन प्रश्न गर्नुहुन्छ ? तपाईंले किन भोट हाल्नुभयो होला शेरबहादुरलाई ?' हुनत उनले गगनलाई मत दिएका पनि हुनसक्छन्, त्यो बेग्लै कुरा हो तर प्रश्न किन पुगेन त गगनको पक्षमा बहुमत भन्ने हो । उम्मेदवारीको बेला टिकट अध्यक्षले बाँड्छन् । आन्तरिक लोकतन्त्रको अभ्यास हुँदैन । आफ्ना अनुकूलका मानिसहरूलाई थप खर्चपर्च पनि दिइन्छ होला । ती मानिसहरूले शेरबहादुरलाई नहालेर गगनलाई भोट हाल्छन् त ?

नेताले बाँकी सबैलाई आफूमा निर्भर बनाएका छन् । यो हाम्रो राजनीतिक अभ्यासको समस्या हो । पार्टी सदस्यमा नै नेतृत्वको नियन्त्रण छ । टिकट बाँडफाँट र चुनावी खर्चमा पनि नियन्त्रण छ । सिङ्गो पार्टीलाई नै एकजना व्यक्तिप्रति आश्रित संस्था बनाइयो । अनि त्यहाँ प्रतिस्पर्धा हुने कुरा भएन । अहिले हुने चुनाव भनेको नाम मात्रैको चुनाव हो । त्यो प्रतिस्पर्धा होइन । कम्तीमा पनि हरेक चुनावमा प्रकट जनमतको मूल्याङ्कन गर्नुपर्छ । लोकप्रिय नेतृत्व भनेको लोकमतको आधारमा आउने हो । अहिले तीनवटै पार्टीसँग लोकमतको हैसियत देखिन्नँ ।

कांग्रेसले गएको चुनावमा प्रत्यक्ष तर्फबाट केही सिट जिते पनि समानुपातिकतर्फ झण्डै १० लाख भोट गुमायो । ठूलो पार्टी भए पनि १० लाख लोकप्रिय भोट गुमायो । कहाँ गए ती ? त्यस्तै, नेकपा एमालेले झण्डै ७ लाख भोट गुमायो । यसको नैतिक जिम्मेवारी नेतृत्वले लिनुपर्ने कि नपर्ने ? जबकि पार्टी पहिलोबाट दोस्रो भएको छ । माओवादीको पनि भोट घटेको छ । प्रश्न गर्ने परम्परा नहुँदा नेतृत्व गैरजिम्मेवार भएको छ । नेतृत्वसँगै आश्रित मानिसहरूले प्रश्न गर्न सक्ने कुरा पनि भएन । नेतृत्व खुसी नभए पार्टीबाट फ्याँकिन्छु भन्ने भय छ ।

**अबको बाटो**

प्रणाली जोगाउनका लागि सचेतना कार्यक्रम आवश्यक छ तर अब फेरि प्रणालीका लागि आन्दोलन गर्नु नपर्ला । त्यसैले यही कोर्ष चलिरहन्छ । यो एशिया, अफ्रिकाका अधिकांश देशहरूको समस्या हो, नेपालको मात्रै होइन र हाम्रोमा सबै खराब छैन । अरु मुलुकको दाँजोमा राम्रो पनि छ । पार्टीहरू बीचको सहमति राम्रै छ । संसद् नै नचल्ने अवस्था छैन । संवाद भइरहेकै देखिन्छ । बंगलादेश, पाकिस्तान लगायत यहीं दक्षिणएशियाकै राजनीतिभन्दा हाम्रो राम्रो छ, जुन सकारात्मक छ ।

हाम्रोमा पार्टी नेतृत्व प्रतिस्पर्धात्मक छैन । पार्टी नेतृत्वलाई प्रतिस्पर्धी बनाउने सूत्र साधारण छ । हरेक चुनावपछि हारजितका आधारमा नेतृत्वको सोपानक्रम अनुसार जिम्मेवारी लिनुपर्छ । मूलतः पार्टी प्रमुख जिम्मेवार हुने व्यवस्था गर्नुपर्छ । बेलायतमा पूर्वप्रधानमन्त्री संसद्मा छैनन् । अहिले विशेष परिस्थितिमा पूर्वप्रधानमन्त्री डेभिड क्यामरुन ऋषि सुनकको मन्त्रिमण्डलमा परराष्ट्र मन्त्रीको जिम्मेवारीमा आएका छन् । उनीहरूको काम गर्ने संस्कृति त्यस्तो छ । तर, हाम्रोमा त म प्रधानमन्त्री भइसकेको मानिस भनेर प्रोटोकल हेर्छन् । प्रधानमन्त्री भनेको 'फर्स्ट एमङ द इक्वायल' भनिन्छ । बराबर हुन् तर अगाडि हिंड्ने वा बाटो देखाउने को भन्ने मात्रै कुरा हो । त्यहाँबाट केही कुरा सिक्न सकिन्छ । लस्कर लगाएर पूर्वप्रधानमन्त्री संसद्मा चुनाव लड्न जानु गलत हो । त्यो छाड्नुपर्छ । दलभित्र नै दुई कार्यकालको कुरा उठेको छ । आजसम्म कुनै पनि प्रधानमन्त्रीले एक कार्यकाल पूरा गरेको छैन । अब दुईपटकभन्दा बढ्दा प्रधानमन्त्रीको नियुक्ति लिन पाउँदैनौं भन्नुपर्ने बेला आयो । १२-१५ दिन होस् वा दुई महिना, त्यो उसको कुरा हो । त्यो सरकारलाई अगाडि बढाउने जिम्मेवारी त प्रधानमन्त्री स्वयंकै पनि हो । आफ्नो आयु कति लम्ब्याउन सक्ने भन्ने कुराले पनि उसको क्षमता निर्धारण गर्दछ । पटके प्रधानमन्त्रीहरूको प्रथाले पनि यो विकृति बढेको छ । प्रतिस्पर्धा नै भएन ।

नैतिक जिम्मेवारी लिने अभ्यासले पार्टीभित्र नयाँ मानिस आउँछन् । खोलामा जस्तै सलल सङ्लो पानी बगिरहन दियो भने कुनै न कुनै बेला माछा पर्छ अर्थात् नयाँ नेतृत्व निस्कन सक्छ । नेतृत्वको सम्भावना बोकेका मान्छे सबै पार्टीमा हुन्छन् । अहिले त केही मानिसको अनुहार हेरेर यो नभए को ? अर्को मान्छे नै छैन भन्छौं ।

केपी ओली नभएर एमाले कसले चलाउँछ ? अर्को मान्छे नै छैन भन्ने । प्रचण्ड नभए कसले चलाउँछ माओवादी, मान्छे नै छैन भनिरहेका छौं, जुन गलत छ । सबैको सम्भावना छ भन्ने निश्चित हुँदा त्यसले निकास दिन्छ । नयाँ आएका पार्टीमा दुइटा कुरा देखेको छु । एउटा- कांग्रेस, एमाले, माओवादीप्रति मतदातामा ठूलो निराशा बढिरहेको छ । गत चुनावमा उसले पाएको देशभरिको मत हेर्दा रास्वपाले त्यसको फाइदा लिएको देखिन्छ । साथै, पोलिटिकल सोसलाइजेसन (राजनीतिक सामाजिकीकरण) को तरिका बदलिएको छ ।

हिजोको कांग्रेस, कम्युनिस्ट, यो वाद त्यो वाद भनेर मानिसलाई विद्यार्थी जीवनदेखि नै नेतृत्व विकास गरेर दलमा लाग्ने वातावरण बनाइन्थ्यो, त्यो अभ्यास अहिले छैन । अहिलेको नयाँ पुस्तालाई त्यसले अपील गर्दैन । आजको दिनमा कम्युनिस्टको समाजवाद, साम्यवाद र कांग्रेसको लोकतन्त्रले नयाँ पुस्तालाई अपील गर्दैन ।

रास्वपा र जनमतले मतदाताको तत्कालको आवश्यकता बुझ्न एउटा गृहकार्य गऱ्यो । विदेश गइरहेका अत्यधिक मानिसको परिवारसँग कुरा गर्दा उसले केही नयाँ कुरा पायो । त्यही मतदातालाई उनीहरूले परिचालन गरे । त्यसलाई न कांग्रेसको लोकतन्त्रले छोयो, न त कम्युनिस्ट पार्टीको समाजवाद र साम्यवादले ।

म आफैं उपनिर्वाचनमा जान नसके पनि चिनेका मानिसलाई फोन गरेर सोधें– 'विदेशिएका कामदारको प्रभाव कति छ ?' जवाफ आयो- 'व्यापक छ ।' त्यस्तै, काठमाडौंका मेयर बालेन शाह एजेन्डालाई एकप्रकारले कार्पेटमुनि राखेर आएका पात्र हुन् । कुनै विशेष एजेन्डा छैन । कांग्रेस र कम्युनिस्टले सकेनन् म राम्रो गर्छु भनेर आएका हुन् । चुनावमा ढोकाढोका, कोठाकोठामा गएर उनका मानिसहरूले मतदातालाई परिचालन गरेको देखियो ।

यसरी अहिले मतदातालाई प्रभावित पार्ने एजेन्डा नयाँ आएको छ । यो कुरालाई अहिले प्रमुख पार्टीहरूले पनि बुझ्नु जरुरी छ । जुन उनीहरूको लागि चुनौती पनि हो । यसको मतलब भोलि पनि मत रास्वपासँगै रहिरहन्छ भन्ने जरुरी छैन । अहिले 'स्विङ भोट' बढ्न थालेको छ जुन लोकतन्त्रको लागि नराम्रो होइन । हामी लामो समयदेखि केही पार्टीभन्दा बाहिर विकल्प सोच्न नसक्ने बनेछौं ।

के रास्वपाले भोलि बहुमत ल्यायो भने नेपालको लोकतन्त्र सकिन्छ र ? तर्सिनुपर्दैन । रास्वपाले के गरेको छ ? यो पार्टी अहिलेको संवैधानिक व्यवस्थाको विरुद्धमा छ जस्तो लाग्दैन । प्रदेशले काम गर्न सकेन, यस्तो खालको प्रदेश राखेर त हुँदैन, नयाँ सोच्नुपर्छ भनेर त म पनि भनिरहेको छु । जबकि म संघीयताको पक्षमा छु । त्यसो भन्दैमा केही बिग्रँदैन । त्यसकारण कुनै सरकार आउनासाथ यो सबै जान्छ भन्ने होइन । इतिहास उल्टो गतिमा जाँदैन ।

कहिलेकाहीं अति दक्षिणपन्थी विचार आउन सक्छ । तर त्यसले नै लोकतन्त्र खान्छ भन्ने जरुरी छैन । केही चुनौती बढ्न सक्छन् । अति दक्षिणपन्थ लोकतन्त्रभित्रै जन्मन्छ । फेरि अमेरिकामा डोनाल्ड ट्रम्प फर्कने सम्भावना छ । फ्रान्समा यो छ । इटलीमा आइरहेको छ । ब्राजिलमा आयो । तर सबै पुरानैमा फर्कन्छ र ?

राष्ट्रिय प्रजातन्त्र पार्टीको फरक लाइन छ । अति दक्षिणपन्थी पार्टीका रूपमा राप्रपा आएर त्यसले बहुमत ल्याउँदैमा सबै कुरा एकैपटक परिवर्तन हुन्छ भन्ने कुरा म पत्याउँदिनँ ।

हो, राजनीति आफ्नो स्वाभाविक कोर्षमा छैन । त्यसैले स्थिति अगाडि कसरी जान्छ भन्न सकिने अवस्था छैन । राजनीतिलाई धन्दा बनाइएको छ । अहिले हरेक दिन के भइरहेको छ ? आम सञ्चारमाध्यमका हेडलाइन के विषयमा छन् ? हालसालै पनि टेलिकम र सुरक्षण मुद्रणको भ्रष्टाचारको समाचार आइरहेको छ । त्यो कसले बनायो ? ती सबै मानिस यही 'पावर पोलिटिक्स' र नेताहरूसँग जोडिएका छन् ।

परिमाणतः हरेक दिन जनतामा 'खत्तम भयो, खत्तम भयो, खत्तम भयो' सन्देश गइरहेको छ । राजनीतिप्रति महाअविश्वास छ जुन डरलाग्दो कुरा हो । पार्टीमाथि अविश्वास भएर केही फरक छैन । कांग्रेसमाथि अविश्वास भयो विकल्पमा अर्को आउँछ । नेतामाथि विश्वास भएर पनि केही फरक पर्दैन, अर्कोले नेतृत्व लिन्छ । तर समग्रमा राजनीतिमाथि नै निराशा जाग्यो र जो आए पनि यस्तै हो भन्न थाले भने बर्बाद हुन्छ ।

गएको चुनावमा केही आशा पलाएको थियो, कम्तीमा पनि चुनावमा मतदाताले विकल्प रोज्न थाले । मतदाताले यो व्यवस्था नै भएन भनेनन् । त्यो राम्रो कुरा हो । यसले नराम्रो गर्ने पार्टीलाई असर पर्ला, चुनौती थपिएला । तर म जस्तो नागरिकको लागि त कुन ठूलो कुरा भयो र त्यो ? राम्रै कुरा भयो । नेपाली मतदाताले चुनाव पर्खन थाले ।

बीचमा के के गर्न लाग्यो भनेर झापाका दुर्गा प्रसाई चर्चामा आए । ताप्लेजुङको ओलाङचुङगोला पुग्दा पनि नेता त बालेन शाह जस्तो चाहिन्छ भनेको पनि सुनें । सन्देश यसरी गएको छ । अहिलेको सामाजिक सञ्जालबाट चाँडै सन्देश जान्छ ।

अहिले सबै परीक्षामा छन् । अर्को चुनावसम्म रास्वपा कसरी टिक्छ ? त्यो उसकै लागि पनि परीक्षाको कुरा हो । तर नेपाली मतदातामा चुनावको बेलामा हिजोको जस्तो पार्टीमा लाइनबद्ध भएर भोट नहालिकन आफूलाई मन परेको पार्टी र उम्मेदवारलाई भोट हाल्ने एउटा प्रवृत्ति आएको छ । यो राम्रो कुरा हो । यसले लोकतन्त्रलाई खराब गर्दैन ।

त्यस्तै, राजनीतिमा लेनदेन पनि बढेको छ । राजनीतिमा पनि उपभोक्तावाद (पोलिटिकल कन्जुमरिज्म) आइसक्यो । नेताले गर्छन् भने मैले पनि त्यही अनुसार आफ्नो हिस्सा खोज्न किन नहुने ? भन्ने कार्यकर्ता बढे । हिजोसम्म पार्टी र चुनावी घोषणापत्रलाई मानेर त्यसैको आधारमा डेलिभरी गर्छ भन्ने विश्वास हुन्थ्यो । अब त व्यक्तिगत लेनदेन पनि गर्न सक्छन् । उपभोक्तावादको कुरा अलि डरलाग्दो छ । यो हाम्रो मात्रै होइन, वैश्विक संकट नै हो । अन्यत्र पनि राजनीतिक उपभोक्तावादका कुरा आइरहेका छन् ।

परम्परागत राजनीतिमा पुरानो वादको आधारमा मान्छेले भोट हाल्छन् भनिन्थ्यो । अहिले नेपालमा त्यो परिवर्तन भएको छ । कांग्रेसलाई प्रतिस्पर्धात्मक लोकतन्त्रमा विश्वास गर्ने मान्छेले आफूलाई खुरुक्क भोट हाल्छन् भन्नेमा ढुक्क थियो । नेताहरूले आनन्दसँग त्यसैको ब्याज खान पाइरहेका थिए । कम्युनिस्टलाई पनि कम्युनिज्मको नाममा हामीले पाउने भोट अरुले लैजान सक्दैन भन्ने थियो । तर आज कम्युनिस्ट र कांग्रेसले भनेको लोकतन्त्रमा मतदाता ढुक्क छैनन् । नयाँ पुस्ता त्योभन्दा फरक बाटो लिएर आएको छ ।

*(साभार: अनलाइनखबर)*

# बजार चक्रका लागि 'उधारो कानुन' किन आवश्यक ?

✍ हरि गौतम

केही दिनपहिले कोशी प्रदेशका विभिन्न १० उद्योग वाणिज्य सैहरूले उधारो सम्बन्धमा केही प्रस्ताव पास गरे । बजार शिथिल रहेको अहिलेको अवस्थामा उद्योग व्यवसायको कारोबार चक्रलाई लक्षित गरी उधारो कानुन आवश्यक रहेको उनीहरुको निष्कर्ष छ । थप उधारो नदिने र यो अभियानमा अन्य चेम्बर हरूलाई आबद्ध गरी थप प्रयास गर्ने आदि प्रस्ताव उनीहरुले पास गरेका छन् । अहिले हाम्रा लागि उधारो कारोबार ठुलो चुनौतीका रूपमा बढ्दै छ । हामीकहाँ कारोबार चक्रमा अधिकांश कारोबार उधारोमा हुने र उधारो कारोबार नगर्ने कुनै व्यवसाय बजारमा टिक्नै नसक्ने अवस्था छ । प्रश्न उठ्छ– पहिले पहिले उधारो कानुन नभएर पनि व्यवसाय चलेकै थियो, अहिले आएर किन उधारो कानुन चाहियो ?

पहिले उधारो कानुनबिना व्यवसाय चले पनि समस्या धेरै थिए । उधारोका कारण धेरै कारोबारी बिग्रिए पनि यो उनीहरूको व्यक्तिगत समस्या मानिन्थ्यो । अर्कोतिर पहिले व्यवसायमा नैतिकता पनि थियो । बजारबाट उधारो ल्याएपछि त्यसको पैसा समयमै भुक्तानी गर्नु आफ्नो कर्तव्य ठान्ने व्यवसायीको ठूलो जमात थियो । ५-७ प्रतिशत कारोबार बिग्रिहाले पनि त्यो वास्तविक समस्याका आधारमा बिग्रिएको हो भन्न सकिन्थ्यो, तर २०७२ सालको भूकम्प, कोभिड कालपछि बिस्तारै बजारको कारोबारमा इमानभन्दा बेइमान बलियो हुँदै गयो । कारोबारमा लिएको उधारो नतिर्ने, सामान लगिसकेपछि फोन नउठाउने, भेट्न जाँदा नभेट्ने, कसै गरी भेटेर पैसा माग्दा 'म दिन्नँ, जे गर्नुपर्छ, त्यही गर' भन्नेजस्ता प्रवृत्ति आम हुँदै गए । बजारमा प्रतिस्पर्धाका कारणबाट उधारो दिने व्यवसायी पनि बढी भए । एक ठाउँबाट उधारो ल्याउने, त्यसको नतिरी पुनः अर्को अर्को ठाउँबाट उधारो लिने, त्यहाँ पनि नतिरी अन्यत्रबाट उधारो लिने प्रवृत्ति बढ्दै गयो । उधारोबाट ल्याएको सामान बेची निजी काममा लगाउने, जग्गा, गाडी किन्ने वा बच्चाको शिक्षा, व्रतबन्ध, विवाहजस्ता कार्यमा खर्च गरी उधारो नै नतिर्ने प्रवृत्ति व्यापक हुँदै गयो । वर्तमान आर्थिक शिथिलताको अवस्थामा उधारोको पैसा माग्यो भने 'छैन जे गर्नुछ गर', 'बढी दबाब दियौ भने तिम्रो नाममा आत्महत्या निरुत्साहितको चिठी लेखेर सुसाइड गरी तिमीलाई जेल पठाउँछु' भन्ने जस्ता उग्रधार पनि देखिन थाल्यो ।


अर्को समस्या, उधारो उठिहाले पनि उठाउन लामो समय लाग्ने, ३० दिनदेखि ४५ दिनभित्र उठ्नुपर्ने रकम चार-पाँच महिना लाग्ने, पैसा उठाउन धेरै ताकेता गर्नुपर्ने, ताकेता र कर्मचारी खटाउँदा त्यसको लागत बढ्नेजस्ता प्रवृत्ति आम हुँदै गए । जसले गर्दा बजारमा नगद प्रवाह कमजोर भयो । वर्ष दिनमा दुईपटक मात्र कारोबारको रोटेसन हुन गयो । यसको असरले कारोबारमा बैंक ब्याज बढी लाग्यो, सामानको मूल्य बढ्यो र सामान महँगियो । फलतः उत्पादक, वितरक एवं उपभोग सबै मर्कामा परे । बजारमा कारोबारमा मन्दी आयो, जो अहिलेको ठूलो समस्या हो ।

अब के गर्ने त ? उधारो कारोबारको व्यवस्थापन गर्न सरकारले कानुन बनाउन अति जरुरी छ । कुनै बैंकमा खाता खोलेर चेक लिई सो चेक काटेपछि खातामा पैसा नभएर चेक बाउन्स भए त्यो सरकारवादी मुद्दा हुन्छ । राज्यले चेक बाउन्स गराउनेमाथि मुद्दा चलाउँछ, त्यसलाई कालो सूचीमा राख्छ । यसरी नै कुनै पनि विक्रेताले उधारोमा क्रेतालाई बिक्री गरेको सामानको भुक्तानी पाएन भने कानुनका माध्यमबाट सरकारले सो रकम उठाउने दायित्व लिनुपर्छ । किनभने कुनै पनि व्यापार व्यवसायबाट सरकारले धेरै फाइदा लिएको हुन्छ । विक्रेताले बिक्री गरेको सामानको १३ प्रतिशत भ्याट सोझै सरकारको खातामा जान्छ । जसमा क्रेताले सो पैसा तिरोस् वा नतिरोस्, मतलब भएन । कुनै उद्योगले आफ्नो उत्पादनका लागि प्रयोग गरेको कच्चा पदार्थमा भन्सार तिरेको हुन्छ, सो रकम पनि सरकारको हो । उद्योगले आफ्नो उत्पादन गर्दा नागरिक्लाई रोजगार दिएको हुन्छ, जसले गर्दा राज्यलाई सजिलो हुन्छ ।

यस्तै, कुनै पनि उद्योगले उद्योग सञ्चालन गर्न बैंकबाट ऋण लिएको हुन्छ । उधारो बिक्री गरेको सामानको पैसा नउठे बैंकलाई पनि दीर्घकालीन असर हुन्छ । नियमपूर्वक भ्याट तिरेको भीसीटीएस गरेको बिलको उधारो रकम उठाउन सरकारले कानुन बनाइदिने हो भने भ्याट बिलमा रहेको न्यून बिजकीकरणको समस्या समाधान हुनेछ ।

क्रमशः पृष्ठ-३....

# पहुँचका आधारमा आयोजना प्रमुख, काम नगर्ने पनि छुट



काठमाडौं/२८ असारमा तत्कालीन बूढीगण्डकी आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइका संयोजक डा. जगतकुमार श्रेष्ठ बूढीगण्डकी जलविद्युत् कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा नियुक्त भए । प्राध्यापनमा लामो समय बिताएका श्रेष्ठलाई देशकै ठूलोमध्येको एक जलविद्युत आयोजना जिम्मा लगाएपछि यो आयोजना निर्माण सुरु हुनेमा धेरैको आशंका छ ।

५ वर्षअघि सुरु भएको बुटवल-नारायणगढ सडक खण्ड विस्तारको काम निकै सुस्त छ । ११३ किलोमिटर सडकलाई पश्चिम र पूर्व गरी दुई खण्डमा विभाजन गरी दुई जना आयोजना प्रमुख राखिएका छन् । तर उनीहरु सडक विस्तारको काममा देखिएका समस्या समाधान गरेर आयोजनालाई गति दिन असफल छन् । २०७८ मा पूरा हुनुपर्ने आयोजना हालसम्म करिब ४६ प्रतिशत मात्र काम गर्दा पनि आयोजना प्रमुखहरुले जवाफ दिनुपरेको छैन ।

राजमार्ग विस्तार, पुल, ठूला भवन, रेलमार्ग, विमानस्थल, जलविद्युत, प्रसारण लाइन, सिँचाइ आयोजना गरी करिब एक हजार आयोजनाको प्रगति सन्तोषजनक छैन । र ती आयोजनाका प्रमुखहरुको काम चित्तबुझ्दो छैन ।

तर, सरकार आयोजनाहरूमा पूर्वतयारी, ठेकेदार परिचालन, सहजीकरण र समन्वयमा राम्रो गर्न सक्ने व्यक्ति आयोजना प्रमुख बनाउने गरी मापदण्ड बनाउन उदासीन छ । आफूखसी आयोजना प्रमुख तोक्ने, खटाउने र लक्ष्यअनुसार काम नभए पनि निरन्तरता दिइरहने राजनीतिक र प्रशासनिक नेतृत्वको प्रवृत्ति छ ।

मन्त्री, सचिव र विभागका प्रमुखलाई खुशी पार्न सक्नेहरु नै आयोजना प्रमुख बन्ने र आयोजनाहरु समस्याग्रस्त हुँदा पनि जवाफदेही हुन नपर्ने सिलसिला बढ्दो क्रममा छ ।

आयोजना प्रमुखहरु जिम्मेवार नभएका कारण विकास आयोजनाहरु समयमा पूरा हुन नसकेको सरकारलाई पनि थाहा छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा आयोजना प्रमुख छनोटको निश्चित मापदण्ड पनि बनाउने सरकारी घोषणासमेत छ । 'पटक-पटक आयोजना प्रमुख फेरिँदा कार्यान्वयनमा प्रतिकूल असर पर्ने गरेकाले आयोजना अवधिभर वा निश्चित अवधि तोकी आयोजना प्रमुख खटाउने र कार्यसम्पादन प्रगतिका आधारमा मात्र आयोजना प्रमुख हेर फेर गर्ने प्रणाली विकास गरिनेछ,' बजेट वक्तव्यमा भनिएको छ ।

तर, बजेटमा गरिएको घोषणा ७ महिना बित्न लाग्दा समेत सरकारका कुनै निकायले यो घोषणा कार्यान्वयनमा चासो देखाएको छैन । सबैभन्दा बढी आयोजना सञ्चालन गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तगर्गतको सडक विभागका प्रवक्ता रामहरि पोखरेल अहिलेसम्म आयोजना प्रमुख छनोट र सरुवा गर्ने मापदण्ड नबनेको र बनाउने तयारी पनि नभएको बताउँछन् ।

मापदण्ड नबने पनि आयोजना प्रमुख छनोटमा असल अभ्यास गरिरहेको भन्दै उनी भन्छन्, 'सुधारका पक्षमा पनि ध्यान दिएका छौं ।' शहरी विकास मन्त्रालयका अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठ आयोजना प्रमुख छनोटको मापदण्ड नभए पनि दातृ निकायको सहयोगमा बन्ने आयोजनामा प्रमुख छनोट गर्दा केही न केही ध्यान दिने गरेको बताउँछन् ।

'दातृ निकायले नै आयोजना प्रमुखहरु छिटो-छिटो सरुवा नगर्न चासो दिइरहन्छन्, सम्झौतामा पनि आयोजना प्रमुखलाई पूरा समय काम गर्न दिनुपर्ने उल्लेख हुन्छ', उनले भने, 'मापदण्ड नभएपनि त्यसै अनुसार आयोजना प्रमुख खटाइरहेका हुन्छौं ।'

समयमा पूरा हुन नसकेका आयोजनाको संख्या दुई हजार भन्दा बढी भएपछि सरकारले आर्थिक वर्ष २०७६/७७ मा प्रतिस्पर्धाका आधारमा निजामती सेवा बाहिरबाट समेत आयोजना प्रमुख नियुक्त गर्ने योजना ल्याएको थियो । कर्मचारी वृत्तबाट विरोध भएपछि सरकारले यो योजना अघि बढाउनै चाहेन ।

**सरुवामा मनोमानी**

निजामती सेवा नियमावली अनुसार सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्षको भदौ १ देखि मसान्तसम्म कर्मचारी सरुवा गरिसक्नुपर्छ । अरु मन्त्रालय, मन्त्रालयस्तरको केन्द्रीय निकाय वा विभागले असोज १ गतेदेखि १५ गतेभित्रमा सरुवा गर्नुपर्ने नियम छ ।

प्रदेशस्तरका निकायहरुले प्रत्येक वर्षको असोज १६ गतेदेखि असोज मसान्तभित्र सरुवा गर्नुपर्छ । तालिकाबाहेकको समयमा सरुवा गर्नुपरेमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ ।

अहिले आयोजना र कार्यक्रम प्रमुखहरुको सरुवा पनि यही नियमकै आधारमा भइरहेको छ । जबकी आयोजना व्यवस्थापन कुनै कार्यालय व्यवस्थापनभन्दा विशिष्ट मानिन्छ । सडक विभागका प्रवक्ता पोखरेल एउटा आयोजना प्रमुखले आफ्नो कार्यालयसँगै समग्र आयोजना नै व्यवस्थापन गर्नुपर्छ ।

आयोजना प्रमुखले सरकारी निकायसँग समन्वय गर्ने, बजेट अभाव हुन नदिने, ठेकदारलाई परिचालन गर्ने, स्थानीय बासिन्दाको चित्त बुझाउने, निर्माण समग्रीको उपलब्धताको लागि सहजीकरण गर्ने लगायतका थुप्रै पक्षसँग जोडिएर काम गर्नुपर्छ । समय-समयमा आउने नीतिगत तथा वित्तीय अप्ठेरो फुकाउन पनि पहल लिनुपर्छ ।

'आयोजनाहरुमा ठेक्का व्यवस्थापनसहित लगानी तथा भुक्तानी व्यवस्थापन र समन्वय पक्षमा धेरै काम गर्नुपर्छ । हाम्रो परिवेशमा यो सहज छैन', उनी भन्छन्, 'त्यसैले त्यहाँ काबिल र दक्ष मान्छे प्रमुख हुनपर्छ ।'

सडक विभागबाट यस्ता पक्षमा ध्यान दिएरै आयोजना प्रमुखहरु खटाउने गरेको प्रवक्ता पोखरेलको दाबी छ । सडकका ठूला आयोजनाहरुमा प्राय: सहसचिवस्तरका कर्मचारी आयोजना प्रमुखका रुपमा काम गरिरहेकाले त्यसमा मन्त्री र सचिवकै निर्णयबाट खटनपटन हुने गरेको छ ।

**पहुँचका आधारमा अवसर**

विकासे अड्डाहरुले असल अभ्यास गरिरहेको दाबी गरे पन आयोजना प्रमुखको परिचालनमा राजनीतिक र उच्च प्रशासनिक नेतृत्वको मनपरी छ । आयोजना छनोट गर्दा आफू अनुकूलका छान्ने र आयोजना प्रमुख पनि आफैंले रोज्ने राजनीतिक नेतृत्वको प्रवृत्ति छ । राजनीतिक नेतृत्वको यो प्रवृत्ति रोक्न सक्ने कुनै विधि र मापदण्ड पनि छैन । त्यसैले राजनीतिक नेतृत्वसँग सम्बन्ध बनाएका कर्मचारीहरु कार्यसम्पादनमा कमजोर भए पनि वर्षौंसम्म आयोजना प्रमुख रहिरहेका हुन्छन् ।

निमित्त प्रमुख भएर काम गर्नेहरु पनि पद छाड्न तयार छैनन् र सरुवा गरिहाले जोडबल लगाएर थमौती लिन सक्ने हैसियतका छन् ।

राजनीतिक नेतृत्वको साथ पाएका कतिपय आयोजना प्रमुखहरुले विभागीय नेतृत्व र मन्त्रालयका सचिवलाई समेत नटेर्ने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको सिँचाइ विभागका एक अधिकारीले बताए ।

'आयोजना प्रभावित क्षेत्रका स्थानीयसँग सम्वाद नै नगर्ने, काम नगर्ने ठेकेदारसँग मिलेर उल्टै आयोजनामा अनावश्यक भेरियसन गर्न खोज्ने र विभागमा राम्रो रिपोर्टिङ पनि नगर्ने गर्छन्', ती अधिकारीले भने, 'मन्त्री र प्रधानमन्त्रीको सचिवालयसम्मको साथ लिएर काम नगर्नेहरु पनि आकर्षक मानिने आयोजनाहरुमा लामो समयदेखि छन् ।'

प्रधानमन्त्रीको कार्यालय र सचिवालय, ठूला दलका शीर्ष नेता, मुख्यमन्त्रीहरु, मन्त्रीहरु, उच्चपदस्थ कर्मचारी नै आयोजना प्रमुखहरुको सरुवा गराउन र रोक्न अनेक प्रपञ्च गरिरहेका हुन्छन् । आयोजना प्रमुख तोक्ने र सरुवा गर्ने सन्दर्भमा मन्त्रालय समेत निरीह बन्नुपर्ने शहरी विकास मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

सरुवा गर्नुअघि मूलत: राजनीतिक नेतृत्वको सहमति चाहिने भएकाले आयोजना प्रमुखहरुले दलका शीर्ष नेताहरुलाई साथ लिएर मन्त्रीहरुलाई स्वत:स्फुर्त निर्णयबाट विमुख गर्ने गरेका छन् ।

स्पष्ट मापदण्ड बनाएमा मन्त्री, सचिव र विभागीय प्रमुखहरुले मनपरी ढंगले आयोजना प्रमुखहरु तोक्न र सरुवा गर्न नसक्ने भएकाले यसप्रति कसैको रुचि छैन । शहरी विकास मन्त्रालयका एक अधिकारी भन्छन्, 'एउटा अवधिसम्म काम गर्न दिने र लक्ष्यअनुसार काम नभए फिर्ता बोलाउनु उत्तम हुन्छ ।'

**हेरिँदैन कार्यसम्पादन**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले सरकारले गर्नुपर्ने कुनै काम निश्चित अवधिभित्र गरिसक्नुपर्ने र निश्चित उपलब्धि हासिल गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै राष्ट्रिय प्राथमिकताप्राप्त कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार गर्न सकिने व्यवस्था छ ।

कार्यसम्पादन सम्झौता पत्रहरुमा हासिल गर्नुपर्ने नतिजा सूचक राखिएका हुन्छन्, जसमा गत आर्थिक वर्षको समग्र स्थिति र चालु आर्थिक वर्षको लक्ष्य निर्धारण गरिएको हुन्छ । सम्झौतापत्रमा गर्नुपर्ने प्रमुख काम र त्यसको अवधि तोकिएको हुन्छ ।

कार्ययोजनामा उल्लेख भएअनुसार प्रगति हासिल गर्ने आयोजना प्रमुखलाई पुरस्कृत गर्ने र लक्ष्यअनुसार प्रगति हासिल नगर्नेलाई त्यसको अभिलेख राखेर जिम्मेवारी फेरबदल गर्ने प्रचलन भने छैन । कार्यसम्पादन मूल्यांकन नै कर्ममाण्डी हुँदा अहिलेसम्म कामका आधारमा जिम्मेवारी दिने संस्कृति विकास भएको छैन । बरु राजनीतिक स्वार्थमा पटक-पटक आयोजना प्रमुखहरुको सरुवा हुँदा नयाँ प्रमुखले आयोजनामा पहिलेदेखि भएका कामको जिम्मेवारी लिने सम्भावना न्यून हुने पूर्वसचिवहरु बताउँछन् ।

'जोसँग जे सम्झौता गरिएको हो, त्यसबाट विमुख गर एपछि नयाँ ठाउँमा पुगेर काम गर्ने जोश, जाँगर, भावना मर्छ', एक पूर्वसचिव भन्छन्, 'कतिपयले काम नगर्दा पनि छुट पाइरहे त्यही देखेर अरुले पनि नेता र सचिव खुशी पार्न मात्रै ध्यान दिन्छन् ।'

पूर्वसचिव गोपीनाथ मैनाली कार्यसम्पादन मूल्यांकनका आधारमा जिम्मेवारी दिने र सरुवा गर्ने नीति बनाएमा निजामती सेवा नतिजामुखी हुने बताउँछन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत कात्तिकमा आफ्नो ३३ औं वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै सरकारलाई अनुमानयोग्य पदस्थापन र सरुवा प्रणाली विकास गरेर कार्यान्वयन निर्देशन दिएको थियो ।

'निजामती सेवा ऐनले तोकेको अवधि पूरा नहुँदै कर्मचारीको सरुवा नगर्न र जथाभावी सरुवा गर्ने पदाधिकारीलाई विभागीय कारबाहीको सिफारिस गर्न तथा सोबाट राज्यलाई पर्न जाने अतिरिक्त व्ययभार सरुवा गर्ने पदाधिकारीबाट असुलउपर गर्ने व्यवस्था मिलाउनुपर्छ', आयोगले प्रतिवेदनमा भनेको छ ।

पूर्वाधारविद सूर्यराज आचार्य आयोजनाको कार्यान्वयनमा देखिने समस्याबारे सरकारले ध्यानै नदिएको र कर्मचारीको अकर्मण्यता तोड्न नसकेर अलमिलएको टिप्पणी गर्छन् ।

आयोजना कार्यान्वयन मात्र नभई कामको गुणस्तर पनि हेर्नुपर्ने भन्दै उनले आयोजना प्रमुख मात्र नभई विकासलाई हेर्ने दृष्टिकोण नै बदल्नुपर्ने बताए । 'सम्बन्धित विषयमा ज्ञान र अनुभव भएका व्यक्तिलाई परियोजना हेर्न दिने हो भने यस्ता समस्या केही प्रतिशत घट्न सक्छ' आचार्य भन्छन् ।

आयोजनाहरुलाई गति दिन कर्मचारी प्रशासन मात्रै नभई ठेकेदार र परामर्शदाताको पनि कार्यक्षमता बढाउन ध्यान दिनुपर्ने उनको भनाइ छ । 'इन्जिनियरिङ कलेजहरुमा अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्छ । हाम्रा इन्जिनियरहरुलाई साँच्चिकै क्षमतावान बनाउनेबारे सोच्नुपर्छ', आचार्यले भने ।

*(स्रोत: अनलाइनखबर)*

# विवाह खर्च काटेर १२ लाखमा विष्ट परिवारले बनाइदियो बुद्धको मूर्ति

साझाकुरा संवाददाता



हेटौंडा, १८ माघ/ विवाहमा लाग्ने खर्च कटौती गरेर हेटौंडा उपमहानगरपालिका-४, कमलडाँडा बस्ने विष्ट परिवारले कुष्माण्ड सरोबर त्रिवेणीधाममा बुद्धको मुर्ति बनाइदिएको छ ।

वरिष्ठ पत्रकार प्रताप विष्टका छोरा डा.घोषणा विष्ट र सुजता कार्कीले आफ्नो विवाहको खर्चमा हेटौंडा-९, स्थित त्रिवेणीधाममा गौतम बुद्धको अष्टधातुको मूर्ति स्थापना गरेका हुन् । विवाहपछि पार्टीमा हुने खर्चलाई धार्मिक पर्यटनको प्रवर्द्धनका लागि बुद्धको मुर्ति बनाएको डा. विष्टले बताए । पछिल्लो समय त्रिबेणीधाम नगरको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको छ ।

विष्ट परिवारले ५ फिट अग्लो, २ सय ६० केजी तामा र पित्तल मिसिएको मूर्ति बिहीवार हेटौंडाका नगरप्रमुख मीनकुमारी लामा र उपप्रमुख राजेश बानियाँ समेतको उपस्थितिमा प्राणप्रतिष्ठा गरेको छ । मुर्ति निर्माणमा करिब १२ लाख रुपैयाँ खर्च भएको विष्टले जानकारी दिए । 'मैले विवाहको पार्टी गर्दा पनि १०-१२ लाख खर्च हुन्थ्यो । त्यो फजुल खर्चलाई धार्मिक पर्यटनको रुपमा लगाएको छु ।', विष्टले भने ।

सामाजसेवी देव श्रेष्ठले फजुल खर्च गरी विवाह गर्ने परम्परा बढिरहेको समयमा यो जोडीले उदाहरणीय काम गरेको बताए । 'यस्ता कार्यले समाजको नेतृत्वकर्तालाई थप जिम्मेवार बन्न प्रेरणा दिन्छ ।', उनले मूर्ति अनावरण समारोहमा भने । घोषणा अग्रज सञ्चारकर्मी प्रताप विष्टका कान्छा छोरा हुन् । विष्टले २०७४ सालमा ज्येष्ठ छोराको विवाह खर्च कटाएर मानवसेवा आश्रमलाई ५ लाख ११ हजार १ सय ११ सय रुपैयाँ तथा नेपाल पत्रकार महासंघ मकवानपुर शाखामा एकलाख रुपैयाँ पुस्तकालय स्थापनाका लागि प्रदान गरेका थिए ।

# भृकुटी माविले मनायो २८६० औं सोनाम ल्होसार पर्व

साझाकुरा संवाददाता



हेटौंडा, १८ माघ/हेटौंडा उपमहानगरपालिका-१४ स्थित भृकुटी माध्यमिक विद्यालयले २८६० औं सोनाम ल्होसार पर्व मनाएको छ । तामाङ् समुदायका विद्यार्थी अध्यनरत यो विद्यालयमा बिहिवार २८ औं सोनाम ल्होसार पर्वको अवसर मा शुभकामना आदानप्रदान तथा साँस्कृतिक कार्यक्रम गरिएको हो ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कुमार मोक्तानको सभाध्यक्षतामा भएको कार्यक्रमा १४ नम्वर वडाका वडाअध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यता रहेको थियो । शुभकामना कार्यक्रममा वडाअध्यक्ष खड्काले तामाङ समुदायका विद्यार्थी अध्ययन गर्ने विद्यालयमा अर्को वर्ष सोनाम ल्होसार मनाउनका निम्ति बजेट छुट्याइने प्रतिवद्धता व्यक्त गरे । खड्काले अहिलेको अवस्थामा सामुदायिक विद्यालयहरु पनि निजी विद्यालयसँग प्रतिस्पर्धा गर्ने होडमा अगाडि बढिरहेको बताए । उनले विद्यार्थीलाई लगनशील र अनुशासित भएर पढ्न आग्रह गरे ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाले आयोजना गरेको राष्ट्रपति रनिङ्शील्ड प्रतियोगितामा सहभागी भएर विजेता भएका विद्यार्थीलाई सम्मानपत्र समेत वितरण गरिएको थियो । त्यसैगरी विद्यालयले एसईई परीक्षमा 'ए' ग्रेड ल्याउन सफल भएका पूर्वविद्यार्थी संगम लामालाई पनि दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अच्युतकृष्ण रिजाल, जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यपक भोगेन्द्र लुँईटेल, विद्यालय ब्यवस्थापन समितिका सदस्य नीशा लामा, सानुमाया पाख्रिन, पार्वती लोप्चन लगायतको आतिथ्यता थियो ।

# 'उपहार' गीतमा रेखा, पूजा र बेनिशाको मनोभाव



काठमाडौं/महाशिवरात्रीको अवसर पारेर आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'उपहार'को वियोगान्त भावको गीत सार्वजनिक गरिएको छ । 'हारेको छैन' बोलको गीतमा फिल्मका तीन अभिनेत्रीहरु रेखा थापा, बेनिशा हमाल र पूजा शर्माको मनोभाव र परिघटनालाई दर्शाइएको छ । मुकुन भुषाललाई गम्भीर रोग देखिएपछि उत्पन्न परिस्थितिको वरिपरि गीत बुनिएको छ ।

गीतमा रविन भुसालको स्वर, अर्जुन पोखरेलको संगीत तथा प्रमोद ढुङ्गानाको शब्द रचना छ । गीतले फिल्म पारिवारिक कथामा आधारित रहेको संकेत गर्छ । पूजा र बेनिशा रेखाको बहिनीको भूमिकामा हुनसक्ने देखिन्छ । फिल्ममा रेखाको मुकुन, पूजाको समर्पण जंग कार्की र बेनिशाको तेज गिरीसँग जोडी बाँधिएको छ । उनीहरुबीचको प्रेमलाई पनि गीतमा देखाउन खोजिएको छ ।

ज्ञानेन्द्र देउजा निर्देशित फिल्ममा शिशिर राणा, सुष्मा कार्की, अंशु महर्जन, विनोद कुमार पौडेल, मञ्जु श्रेष्ठ आदिको पनि अभिनय छ । बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन् । फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद रहेको छ ।

# बजार चक्रका लागि...

न्यून बिजकीकरण गरेर कुनै विक्रेताले बिल काटे भोलि समस्या पर्दा उठ्ने रकम त त्यति नै हो, अनि ऊ किन जोखिम मोल्न चाहन्छ । अर्को महत्वपूर्ण कुरो, उधारो रकम उठाउने कानुन भएमा बजारमा अहिलेको भन्दा तेब्बर रकम रोटेसन हुन्छ । अनि बजारमा पैसाको प्रशस्त आपूर्ति हुन्छ । माग र आपूर्तिको सही व्यवस्थापन भएमा सामानको लागत मूल्य कम परी वस्तुको भाउ घट्छ । विक्रेतालाई बैंक ब्याज कम परी सामान सस्तोमा दिन सक्छ र अन्तमा यसको फाइदा उपभोक्ताले पाउनेछन् । उपभोक्तालाई सस्तो दाममा सामान उपलब्ध गराउनु लोक कल्याणकारी राज्यको कर्तव्य पनि हो ।

उधारो कानुन सबैले जित्ने अस्त्र हो, यसले सबै फाइदामा रहन्छन् । विक्रेताले ढुक्कसँग कारोबार गर्न सक्छन् । क्रेतालाई पनि खाएको ऋृण तिर्नुपर्छ भन्ने भावना हुन्छ र तिर्नलाई कानुनी दबाब रहन्छ । चाँडै चाँडै कारोबारको रोटेसन हुने भएकाले सामानको मूल्य घट्छ, भ्याट चोरी नियन्त्रण हुन्छ । समग्रमा राज्यले आफ्नो कर्तव्य पूरा गरेको महसुस गर्न पाउँछ । यो विक्रेता र क्रेताको आपसी समस्याजस्तो देखिए पनि वास्तवमा यो मुलुककै समस्या हो । अब यो कसरी कार्यान्वयन गर्ने भन्ने अहं प्रश्न छ । उधारो कानुन कार्यान्वयनको दुई पाटा छन् । पहिलो, नेपाल राष्ट्र बैंकले नियम बनाएर यो कार्यान्वयन गर्न सक्छ । कसरी भने, हामीले बिक्री गरेको सामानको कारोबारका लागि हामीले कुनै न कुनै बैंकमा ऋृण लिएकै हुन्छौं, चाहे उद्योगी होस् वा व्यवसायी । हामीले कुनै क्रेतालाई उधारो सामान ३० दिनका लागि उधारो दियौं । सो ३० दिनभित्र पैसा आए ठिकै छ, आएन भने थप १५ दिनभित्र हामीले हाम्रो बैंकलाई बिलको प्रति समेत राखी क्रेताको प्यान नम्बर, फोन नम्बर, ठेगाना राखी उसको बैंकलाई र बैंक नभए स्थानीय उद्योग वाणिज्य संघलाई अथवा सोझै क्रेतालाई नै बैंकले रकम जम्मा गर्ने चिठी पठाउँछ । तोकिएको समयमा पनि पैसा असुल नभएमा बैंकले त्यस पार्टीलाई कालो सूचीमा राख्न सिफारिस गर्छ । अहिलेकै कर्जा सुरक्षण निगम वा थप कुनै संरचनाबाट त्यसलाई कालो सूचीमा राख्नुपर्छ । सबै कारोबारीहरू बेइमान हुँदैनन् । मैले लिएको सामानको पैसा नतिरे म कारबाहीमा पर्छु । कालो सूचीमा परेको हुन्छु भन्ने भएमा करिब ८० प्रतिशत समस्या सकिन्छ । बाँकी २० प्रतिशतका लागि कुनै न्यायालयलाई फास्ट ट्र्याकमा यो मुद्दा टुङ्ग्याउने व्यवस्था गरे मोटामोटी यो समस्या सकिन्छ ।

दोस्रो, नेपाल सरकारले छुट्टै उधारो व्यवस्थापन कानुन बनाउनुपर्छ र सो कानुनले यी सबै विषयलाई सम्बोधन गर्नुपर्छ, तर नेपालको समस्या यहाँको संसद्बाट कानुन बनाउनै अति कठिन छ । संसद्को एक सेसनमा १-२ कानुन मात्र बन्छ । अब उद्योग व्यवसायसँग प्रत्यक्ष सरोकार रहेको यो विषय सरकारको कति प्राथमिकतामा पर्छ र संसदहरूले कति छिटो कानुन बनाउँछन् भन्न सकिँदैन ।

*(साभार: रातोपाटी)*

# 'रङ्गेली'को गीतमा नृत्य गर्दा स्मार्टफोन जित्ने मौका




काठमाडौं/महाशिवरात्रीको दिन पारेर आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रङ्गेली'ले स्वतन्त्र नृत्य प्रतिस्पर्धा आयोजना गरेको छ । अघिल्लो हप्ता सार्वजनिक भएको 'हातैले उघाएर' गीतमा नृत्य गरेर आफ्नो फेसबुक वा इन्स्टाग्राममा पोस्ट गर्दा उत्कृष्ट फिचरसहितको युमिडिजी स्मार्टफोन प्राप्त गर्न सकिने फिल्मका कार्यकारी निर्माता जीतेन्द्र खतिवडाले बताएका छन् ।

प्रतिस्पर्धामा सहभागी हुनेमध्ये सबैभन्दा धेरै लाइक र भ्यूज प्राप्त गर्ने भिडियोमध्ये दुई जनाले स्मार्टफोन जित्नेछन् । त्यसका लागि भिडियो पोस्ट गर्दा आफ्नै सोसल मिडिया हुनुपर्ने र फिल्मको नामसहित प्रदर्शन मिति मेन्सन गर्नुपर्ने सर्त राखिएको छ । भिडियो यही माघ २७ गतेसम्ममा सामाजिक सञ्जालमा पोस्ट गरिसक्नुपर्नेछ । विजेताले फिल्मका कलाकारबाट स्मार्टफोन प्राप्त गर्नेछन् ।

गीतमा अर्जुन सुवेदीको शब्द, हर्कुलस बस्नेतको सङ्गीत तथा निशान भट्टराई र लिला गजमेरको स्वर रहेको छ । शिशिर खातीको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेत्री शिल्पा मास्के र मोडल प्रिन्स विश्वकर्माले नृत्य गरेका छन् । दयाहाङ राई, अर्पण थापा, मिरुना मगर, प्रवीण खतिवडा, रमेश बुढाथोकी लगायतको अभिनय रहेको फिलमलाई अर्जुन सुवेदीले निर्देशन गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# ‘कपास र धागो उत्पादनपछि मात्र कपडा उद्योग चलाउनुपर्छ’

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कपास र धागो उत्पादनपछि मात्रै हेटौंडा कपडा उद्योग सञ्चालन गर्नुपर्ने बताएका छन् ।

हेटौंडा कपडा उद्योगको पुन:सञ्चालनको निर्णय राम्रो भएपनि कपास र धागो उत्पादन गरेर कपडा उद्योगलाई आफ्नै जगमा टेकाउनुपर्ने उनको भनाई थियो । बागमती प्रदेशसभाको वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले कपास र धागो उत्पादनबारे पहिला नै नसोचेर सीधै कपडा उद्योग सञ्चालन गर्न खोज्नु ठीक नभएको टिप्पणी गरेका छन् । ‘कपडा उद्योग चलाउने कुरा सुनें, अच्छा, एकदम राम्रो कुरा । तर, कपास कहाँ छ ?, धागो कहाँ छ ?, त्यो सोचौं पहिला ।’, उनले भने, ‘धागो कहीँ छैन । कपासखेती गर्ने कुरा हामी कोही गर्दैनौं । कसैको मुखबाट आउँदैन ।’,

हजारजना किसानलाई कपास रोप्न लगाउन नसोचेर कपडा उद्योग चलाउन खोजेकोमा उनले असन्तुष्टि देखाए । कपडा उद्योग सञ्चालन गर्नुअघि कपास उद्योग चाहिने विषयमा नसोच्नु त्रुटी भएको उनको भनाई छ । अन्य देशका व्यवसायको आफ्नै मौलिकता र जगमा टिकेको भन्दै नेपालमा नक्कलका व्यवसाय चलिरहेको जम्कट्टेलले बताए । जग नभएकै कारण नेपालमा गरिने व्यापार व्यवसायमा



आन्तरिक समस्याहरु देखिएको उल्लेख गरे ।

संघीय सरकारले दुई पटक खारेज गरिसकेको हेटौंडा कपडा उद्योग पुन:सञ्चालनका लागि नेपाली सेनालाई जिम्मा दिने तयारी गरेको छ । २०५७ सालदेखि बन्द अवस्थामा रहेको उद्योग २०६० सालमा खारेजीमा लैजाने मन्त्रिपरिषद्ले निर्णय गरेर कपडा उद्योगको जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा आएको थियो ।

यसैगरी, मुख्यमन्त्री जम्कट्टेलले प्रदेश समृद्धिको स्पष्ट नीति नहुँदा समस्या भएको बताए । समृद्धिको यात्रामा प्रदेश सरकारले स्पष्ट नीतिका साथ काम गर्न अघि बढ्ने तयारी गरेको उनको भनाई छ । सरकारले समृद्धिका लागि नीति निर्माण गर्ने तयारी गरेको मुख्यमन्त्री जम्कट्टेलले बताए । सरकारले नयाँ सुरुवात गर्ने उद्देश्यअनुसार खास क्षेत्रहरुमा विशेष नीति निर्माण गरेर कार्यक्रम कार्यान्वयनमा अघि बढेको उनले बताए । जनताले वर्तमान व्यवस्थाको विकल्प नखोजेको भन्दै सरकार सिस्टमको अधीनमा नै रहेर काम गरिरहेको उनको भनाई छ ।

प्रदेश सरकारको ठुलो हिस्सा पूर्वाधार विकासमा लगानी भइरहेको र त्यसमा आफूलाई गर्व रहेको उनको भनाई । भौतिक पूर्वाधार क्षेत्रमा ५० लाखभन्दा कमका योजनाहरु स्थानीय सरकारलाई पठाउने र सोभन्दा माथिका योजनालाई पूर्वाधार तथा सडक पुल निर्माणसम्बन्धी नीति निर्माण गरेर अघि बढ्ने तयारी गरेको मुख्यमन्त्री जम्कट्टेलले बताए । पछिल्लो समय सरकारको आलोचना तीव्र भइरहेकाले सबैले जिम्मेवार ढंगबाट काम गरेर जवाफ फर्काउन जरुरी रहेको उनले बताए । प्रदेश सरकारले सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि आवासीय मोडलमा संचालन गर्ने नीति अवलम्बन गर्ने तयारी गरेको उनले बताए ।

# सीमभञ्ज्याङ र चन्द्रागिरीमा हल्का हिमपात

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ मकवानपुरको थाहा नगरपालिकाको दामन तथा सीमभञ्ज्याङ क्षेत्रमा आज बुधबार साँझ हिमपात भएको छ । दामन सीमभञ्ज्याङ क्षेत्रमा हिमपात भए पछि स्थानीय किसान, होटल व्यवसायी खुशी भएका छन् ।

ईलाका प्रहरी कार्यालय थाहानगरका प्रहरी निरीक्षक यम थापामगरले सीमभञ्ज्याङ क्षेत्रमा साँझदेखि सामान्य हमिपात सुरु भएको जानकारी दिए । राति थप हिमपात भएको खण्डमा भोलि त्रिभुवन राजपथमा यातायात अबरुद्ध हुनसक्ने सम्भावना रहेको छ । यद्यपी आज साँझसम्म यात्राया अबरुद्ध भएको छैन ।

सीमभञ्ज्याङका स्थानीय होटल ब्यवसायीका अनुसार खेल्न मिल्नेगरी सीमभञ्ज्याङ, दामनमा हिउँ परेको छ । मकवानपुरको उत्तरीक्षेत्र थाहा नगरपलिकाको दामन क्षेत्रमा प्रत्येक वर्ष हिमपात हुने गरेको छ । दामन सीमभञ्ज्याङ क्षेत्रबाट नेपालको ८ हजार मिटर भन्दा अग्ला ७ हिश्रृंखला अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण, मनास्लु, गणेश, लाङटाङ, दोर्जे लाक्पा, गौरी शंकरलगायत हिमाल हेर्न सकिन्छ । त्रिभुवन राजपथको सबैभन्दा अग्लो भूभाग सीमभञ्ज्याङ हो । यसको उचाई दुई हजार ४ सय ८८ मिटर रहेको छ ।

राजधानी काठमाडौं साथै हेटौंडा, वीरगञ्ज, चितवन लगायत तराई क्षेत्रबाट हिउँ खेल्ने अनुभव लिन दामन सीमभञ्ज्याङ आउने आन्तरिक पर्यटक हिमपातपछि यहाँ भेटिन्छन् । दामन साइकलयात्रीको लागि पनि राम्रो गन्तव्य हो । थानकोटबाट चन्द्रागिरी हुँदै चित्लाङ, कुलेखानी मार्खु, बज्रवाराही, टिस्टुङ, पालुङबाट दामन सीमभञ्ज्याङसम्म साइकलमा यात्रा गर्ने साइकलप्रेमीको संख्या पनि हरेक वर्ष बढ्दै गएको स्थानीयले बताएका छन् ।

त्यस्तै चन्द्रागिरीमा साँझपखदेखि हिमपात भएको स्थानीयले बताएका छन् । चन्द्रागिरीस्थित भालेश्वर महादेव मन्दिरका पूजारी बिदुर न्यौपानेले चन्द्रागिरीमा साँझदेखि नै हल्का हिमपात सुरु भएको जानकारी दिए । चन्द्रागिरीमा हिमपात सुरु भएपछि साँझदेखि नै काठमाडौंबाट हिउँ खेल्न युवा आउने क्रम सुरु भएको स्थानीयले बताएका छन् ।

# महोत्सवमा मट्का चिया बेच्दै मनहरी क्याम्पसका विद्यार्थी

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ मनहरी गाउँपालिका-८ स्थित मनहरी बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु चिया बेच्न मनहरी महोत्सव पुगेका छन् । क्याम्पसमा रहेको स्वतन्त्र विद्यार्थी युनियनको अगुवाईमा विद्यार्थीले महोत्सवस्थलमा मट्का चिया (माटोको भाँडोमा पकाउने र माटोकै गिलासमा दिइने) बेचेका हुन् ।

आयोजक मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिसँग अनुरोध गरी स्टल प्राप्त गरेका विद्यार्थीले चिया बेचेर आफ्ना शैक्षिक गतिविधि बढाउनका लागि चिया बिक्री गरेको स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष कुमार घिसिङले बताए । ‘हामीले हाम्रा शैक्षिक गतिविधि गर्नका लागि केही आर्थिक जोहो गर्नका लागि चिया बेच्ने निधो गर्‍यौं’, घिसिङले भने । पहिलो दिन १० लिटर दूध खपत हुनेगरी चिया बिक्री गरिएको पनि उनले जानकारी दिए ।




क्याम्पसको आर्थिक जीवन कष्टकर र दयनीय भइरहँदा विद्यार्थीले आफैले कमाउन सक्नुपर्छ भन्ने सन्देश दिनका लागि पनि चिया बेच्ने कार्यलाई अघि बढाइएको घिसिङले बताए । चिया स्टलमा घिसिङसँगै उनीसँग अध्यक्षका प्रत्यासी बनेका सुनिल लम्सालसहित स्ववियुका पदाधिकारी सहभागी छन् । माघ १६ गते सुरुवात भएको पाँचौ मनहरी महोत्सव २८ गतेसम्म सञ्चालन हुनेछ ।

महोत्सवमा स्थानीय परिकार र उत्पादनका स्टलसहित १५० वटा स्टल छन् । स्थानीय माछा, तामा, मास, गहत, दलहन, चेपाङ जातिले जीवनयापनका लागि उपभोग गर्ने गिठ्ठाभ्याकुर, बनकरिया समुदायद्वारा उत्पादित साबुन, कैलाश गाउँपालिकाको तर्फबाट कुरिलोसहितका कृषि उत्पादनका बस्तुहरु, राक्सिराङ गाउँपालिकामा उत्पादित कृषिजन्य बस्तु तथा फापरको मम, सेलरोटी लगायतका स्थानीय बस्तुलाई महोत्सवमा प्रबर्द्धन गरिएको छ । साथै दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, विभिन खेल सहितको बालउद्यान, होटल, कपडा, फलामे उत्पादन, इलेक्ट्रोनिक्स सामानसहितका स्टलको व्यवस्थापन गरिएको छ ।

# मुक्तक दिवसमा १३ औं वाचन श्रृंखला

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/मुक्तक मञ्च मकवानपुरले मुक्तक वाचनको १३ औं श्रृंखला आयोजना गरेको छ । विहीबार मञ्च मकवानपुरले मुक्तक वाचन शृखंला आयोजना गरी मुक्तक दिवस मनाएको हो ।

हरेक वर्ष माघ १८ गते मुक्तक दिवस मनाउने मुक्तक मञ्च केन्द्रीय समितिले निर्णय गरे बमोजिम विहीबार पहिलो मुक्तक दिवस मनाइएको हो । हेटौंडामा आयोजित कार्यक्रममा मसान उपासक, अजिता ओझा, सानु खनाल, किसन पौडेल, विष्णु गौतम, वैकुण्ठ लामिछाने, मिथिला अधिकारी, मनोज पोखरेल, सुभाष सजललगायत एक दर्शनभन्दा बढीले मुक्तकवाचन गरेका थिए । कार्यक्रममा मुना अर्याल, मुक्तिगोविन्द जोशी, राजकुमार लामिछाने, मधु ढुंगाना लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी, माघ २७ गते मुक्तक मञ्च मकवानपुरको दोस्रो वार्षिकउत्सव तथा पहिलो अधिवेशन कार्यक्रम हुने मञ्च अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए । पोखराका मुक्तककार दीपक समीप, रौतहटका हरिकृष्ण काफ्ले र मकवानपुरका बिर्खे अन्जान सम्मानित गर्ने कार्यक्रम रहेको उनले बताए । मञ्च मकवानपुरका अध्यक्ष बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा मुक्तक मञ्च मकवानपुरका सल्लाहकार हयग्रीव आचार्यको प्रमुख आतिथ्यता रहेको थियो ।

यसैगरी, यसवर्षको राष्ट्रिय मुक्तक पुरस्कार उषा शेरचनलाई प्रदान गरिने भएको छ । नेपाली मुक्तक क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएकी कवि, गीतकार तथा मुक्तककार शेरचरलाई पुरस्कारबाट सम्मानित गरिने भएको हो । मुक्तक दिवसको अवसरमा शुक्रवार पोखरामा आयोजित समारोहमा मुक्तक मञ्च पोखराले शेरचनलाई ३३ हजार ३ सय ३३ नगद राशीको पुरस्कार प्रदान गर्ने घोषणा गरेको हो ।

# बिरामी महिलालाई वडाबाट अक्सिजन कन्सन्ट्रेटर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/थाहा नगरपालिका-३ का अध्यक्ष एवम् नगरका प्रवक्ता हिरेन्द्र रायमाझीको बिशेष पहलमा वडामा रहेकी दमका बिरामी महिलालाई एक लाख बराबरको अक्सिजन कन्सन्ट्रेटर सहयोग गरिएको छ ।

पाटन स्वास्थ्यविज्ञान प्रतिष्ठानको समुदायमा आधारित सेवा कार्यक्रमसँग सहकार्य गरी कन्सन्ट्रेटर प्रदान गरिएको हो । थाहा ३ कि ५८ वर्षका महिलालाई विगत ८ वर्षदेखि दमको रोगले दैनिक १ सय रुपैयाँ भाडा तिरेर उपचार गराइरहेको विरामीलाई अक्सिजन मेसिन घरमै पुगेर सहयोग गरिएको रायमाझीले बताए ।

स्वास्थ्य संस्थामा उपचारको लागि सजिलै आउन नसक्ने क्यान्सर, दमलगायत पीडामा छटपटाइरहेका बिरामीको लागि घरमै पुगेर स्वास्थ्यजाँच गर्दै आइरहेको प्रशामक सेवासँग सहकार्य गर्दै वडाले अक्सिजन मेसिन प्रदान गरिएको हो । हालसम्म संस्थाले थाहा नगरपालिका भित्र १९ वटा यस्ता मेसिन बिरामीलाई निशुल्क प्रदान गरिसकेको छ भने अन्य क्यान्सर जस्ता घातक रोगको उपचार गर्न थाहाका टिस्टुङ, चित्लाङ, बज्रवाराही, पालुङ, आग्राका स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीलाइ तालिम समेत प्रदान गर्दै आइरहेको प्रशामक सेवा कार्यक्रम थाहाका प्रमुख चिनिया लामाले बताए ।

# अर्थमन्त्री लामाले गरे विद्यालय अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामाले विद्यालयको अनुगमन गरेका छन् । बिहीबार बिहान विद्यालयको शैक्षिक अवस्थाबारे जानकारी लिन हेटौंडा-१४ मा रहेको भृकुटी माध्यमिक विद्यालयमा अनुगमन गरेका हुन् ।

मन्त्री लामाले विद्यालयको प्रत्येक कक्षाकोठामा पुगेर अनुगमन गरेका थिए । विद्यालय अनुगमनमा मन्त्री लामालाई विद्यालयका प्रधानाध्यापक अच्युतकृष्ण रिजाल एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार मोक्तानले विद्यालयका बारेमा जानकारी गराएका थिए । अनुगमनका क्रममा मन्त्री लामाले भविष्यका कर्णधार बनाउने जिम्मा शिक्षकको काँधमा रहेको भन्दै गम्भीर भएर लाग्न निर्देशन दिए । उनले शिक्षक, तथा विद्यार्थीले थप परिश्रम गरी नमूना विद्यालयको रुपमा स्थापित गराउन आग्रह गर्दै मन्त्रालयले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।



सार्वजनिक शिक्षा सुधार गर्ने प्रदेश सरकारको लक्षय रहेको भन्दै मन्त्री लामाले विद्यालयका शिक्षक, विद्यार्थीले गरेको भूमिका नमूना हुने विश्वास व्यक्त गरे । २०७२ को भुकम्पपछि युएसएडको सहयोगमा एनआरएस परियोजना अन्तर्गत बनेको भवन एनआरएस परियोजनाप्रमुख रामजी थापाले विद्यालयलाई हस्तान्तरण गरेका थिए । १८ करोड लगानीमा निर्माण भएको विद्यालय अपाङ्गमैत्री छ, त्यहाँ अशक्त विद्यार्थी सहजरुपमा शौचालय जान सक्ने भौतिक संरचना निर्माण भएको अवस्था छ । विद्यालय भवन वातावरणमैत्री पनि छ । घाम लाग्दा कक्षाकोठामा नजाने र गर्मी मौसममा गर्मी नहुने र चिसोमा चिसो नहुने गरी विद्यालयको भौतिक संरचना निर्माण भएको विद्यालयका प्रधानाध्यापक रिजालले बताए । विद्यालयका लागि २२ कोठे भवन निर्माण गरिएको छ । विद्यालयमा ३ सय ५० विद्यार्थी छन् । विद्यालयमा २५ वटा कम्प्युटर सहित ल्याबको व्यबस्था समेत रहेको प्रधानाध्यापक रिजालले जानकारी दिए । विद्यालयमा विपन्न परिवारका विद्यार्थी पढ्ने गरेका छन् ।

# जिएस निकेतनको अभिभावक भेला तथा शैक्षिक प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ हेटौंडा उपमहानगरपालिका-४ मा रहेको ज्ञानदीप शिक्षा (जि.एस) निकेतन माध्यमिक विद्यालयको २३ औं अभिभावक भेला तथा शैक्षिक प्रदर्शनी विहीबार भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमिला सापकोटाको अध्यक्षता तथा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । अभिभावक भेलामा विद्यालयबाट २०७९ को एसईई परीक्षामा सहभागी १२८ विद्यार्थीमध्ये सर्वोत्कृष्ट ३.८५ जिपिए प्राप्त गरेकी छात्रा नियती खतिवडालाई नगद ५ हजार ५५५ रुपैयाँ र ६९ एसएलसी परीक्षामा ९२.८८ प्रतिशत अंक ल्याउँदै जिल्ला प्रथम भएका अस्मित पोखरेललाई उत्कृष्ट पूर्वविद्यार्थी सम्मान २०८० बाट सम्मानित गरिएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक ईश्वर लामिछानेले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । त्यस्तै विद्यालमा अध्यापन गराउने शिक्षक तथा कर्मचारीलाई नगद जनही तीनहजार रुपैयाँ सहित विद्यालयले वर्षका उत्कृष्ठ कर्मचारी तथा शिक्षक सम्मान गरेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, ५ का अध्यक्ष सुशील घिमिरे, ज्ञानदीप बहुउद्देसीय सहकारी संस्थाका अध्यक्ष ऋषिराम घिमिरे, नेपाल पत्रकार महासंघका अध्यक्ष मणिराज गौतम, सहकारीका पूर्वअध्यक्षहरु केशवबहादुर श्रेष्ठ, पिताम्बर बास्तोला, पूर्वविद्यार्थी समूहका संयोजक मिलन पाठक लगायतको आतिथ्यता रहेको थियो । १३ कठ्ठा जमिन क्षेत्रफलमा रहेको विद्यालयमा १ हजार १४८ जना विद्यार्थी अध्ययनरत छन् ।

## विद्यालय स्तरीय टि-२० क्रिकेट प्रतियोगिता सम्बन्धी सूचना

यस मकवानपुर क्रिकेट संघको आयोजनामा हुन गैरहेको स्वर्गीय निरज श्रेष्ठ स्मृति दोश्रो विद्यालय स्तरिय टि-२० क्रिकेट प्रतियोगितामा सहभागिताका लागि जिल्ला भर रहेका सम्पुर्ण सामुदायिक तथा निजी विद्यालयहरुमा यो सुचना प्रकाशित गरिएको छ ।

नोट: पहिले दर्ता गर्ने १६ टिमलाई मात्र प्रतियोगितामा सहभागि गराइने छ ।

टिम दर्ता गर्ने अन्तिम मिति २०८० माघ १९ गते सम्म
टिम दर्ता शुल्क: रु ५०००।-(पाँच हजार मात्र )
सम्पर्क : सन्जोग पोखरेल (९८६९६७६५७७)

आयोजक
मकवानपुर क्रिकेट संघ
हेटौंडा, मकवानपुर

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरु:

- ☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
- ☞ हानिकारक धुवाँको असर नहुने ।
- ☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
- ☞ तत्काल खान मिल्ने ।
- ☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना